# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं, मंसिर ८ गते, २०७१ साल (संख्या २६

## भाग ५

नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकार, गृह मन्त्रालयले प्रहरी नियमावली, २०७१ को नियम २११ ले दिएको अधिकारको प्रयोग गरी सोही नियमावलीको अनुसूची–३ मा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरीएको छ ।

१ क्रम संख्या १ को खण्ड (क) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर खुल्ला प्रतियोगितामा भाग लिने प्रहरी सेवाका राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान वा प्रहरी अधिकृत आधारभूत तालीम लिएको हुनु पर्नेछ ।"

२ क्रम संख्या २ को खण्ड (क) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर खुल्ला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान आधारभूत तालीम लिएको हुनु पर्नेछ ।"

आज्ञाले,
सूर्यप्रसाद सिलवाल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार

२६८